रेसुङ्गा नगरपालिका

स्थानीय राजपत्र

खण्ड :५ संख्या : २२ फागुन २७ गते, शुक्रबार, २०७८

भाग-२

रेसुङ्गा नगरपालिकाको खानेपानी गुणस्तर अनुगमन कार्यविधि-२०७८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/११/२५

यस कार्यविधिमा प्रयोग गरिएका संक्षिप्त शब्दहरु र परिभाषाहरु

१. Water Safety Plan (WSP) (खानेपानी सुरक्षा योजना (खापासुयो)– खानेपानी सुरक्षा योजना खानेपानीको श्रोतदेखि उपभोक्तासम्मकै विभिन्न चरणमा खानेपानीको गुणस्तर सुधार गर्ने/सुनिश्चित गर्ने कार्यको लागि अपनाइने व्यवस्थित पद्धति हो । जोखिम व्यवस्थापनका सिद्धान्तमा आधारित खापासुयो सबै खानेपानी प्रणालीहरूमा (चालु अवस्थामा भइरहेको, नयाँनिर्माण हुने र पुनःनिर्माण वा पुनः स्थापनाहुने प्रणाली) लागू गरी खानेपानी आपूर्ति सेवालाई दिगो बनाउन सकिन्छ ।

२. Control Measures – (नियन्त्रण–उपाय)–खानेपानीको गुणस्तर खस्कन नपाओस् वा खानेपानी प्रदूषण नहोस् भन्ने उद्देश्यले गरिने कुनै पनिक्रियाकलाप (या तगारो) लाई नियन्त्रण–उपाय भनिन्छ । नियन्त्रण–उपायहरु भन्नाले निर्माण गरिएकाभौतिक संरचनाहरू र लागू गरिएका नियम, आदेश वा निषेधाज्ञाहरुलाई समेत बुझिन्छ ।

३. खानेपानी गुणस्तर अनुगमन —खानेपानी प्रणालीद्वारा वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरूप छ कि छैन भनी जाँच्नका लागि खानेपानीको परीक्षण गरी गुणस्तर अनुगमन गर्ने गरिन्छ । यस्ता अनुगमन कार्यहरु विशिष्ट उद्देश्य र कर्ताका आधारमा निम्नप्रकारका हुन्छन् :-

३.१ Operational Monitoring —(संचालन—अनुगमन) —नियन्त्रण—उपायहरुले प्रभावकारी रुपमा काम गरिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्न र गरेका छैनन् भने पनि समयमै आवश्यक सुधारका पाइला चाल्नका निम्ति गरिने अनुगमनका र्यलाई संचालन—अनुगमन भनिन्छ ।

३.२. Compliance Monitoring (परिपालन—अनुगमन)— सेवा—प्रदायकद्वारा संचालन—संभार गरिएकाखानेपानी प्रणालीबाट वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार छ कि छैन भनी गरिने अनुगमनकार्यलाई परिपालना—अनुगमन भनिन्छ ।

३.३. Water Quality Surveillance (गुणस्तर निगरानी)— सेवाप्रदायकद्वारा वितरित पानी आम जनस्वास्थ्यको दृष्टिकोणले जोखिमरहित, ग्राह्य र सुरक्षित छ या छैन भनी स्वतन्त्र रुपमा गरिने लेखाजोखालाई गुणस्तर निगरानी भनिन्छ ।

४. Water Safe Community (सुरक्षितखानेपानीयुक्त समुदाय)— नगरपालिकाका त्यस्ता समुदायहरुलाई जहाँका वासिन्दा आफ्नै घरआँगनमा जडिएका धारामार्फत् वा पानी लिन जान, भर्न र ल्याउन ३० मिनेटसम्म मात्र समय लाग्ने घर भएका वासिन्दा स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने इ—कोली र आर्सेनिक र फ्लोरिन जस्ता रसायन सघनन् राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको) खानेपानीको सुविधाप्राप्त गरिरहेका छन् भन्ने तथ्य आधिकारिक निकाय नगरपालिकाबाट प्रमाणित भएमा, सुरक्षित खानेपानीयुक्त समुदाय मान्न सकिन्छ । त्यस्तै, पाइप प्रणाली नभएको अवस्थामाभने संरक्षित पानीका स्रोत (इनार, कुवा, ट्युबवेल आदि)बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानीउपभोग गर्ने गरेका वासिन्दा भएका बस्तीभनी आधिकारिक निकायबाट प्रमाणित भएको अवस्थामा पनि सुरक्षित खानेपानीयुक्त समुदाय मान्न सकिन्छ ।

५. सेवाप्रदायक — भन्नाले आम उपभोक्ताका लागि सुरक्षित खानेपानी उत्पादन/वितरण मा संलग्न रहने संस्थाहरु जस्तै खानेपानी व्यवस्थापन वोर्डहरु, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल खानेपानी संस्थान, प्रशोधित पानी उत्पादक र वितरक कम्पनीहरु तथा खानेपानी उपभोक्ता संस्थाहरुसंझनु पर्दछ ।

६. नियामक निकाय—भन्नाले संघीय खानेपानी मन्त्रालय, प्रादेशिक ग्रामीण तथा शहरी विकास मन्त्रालय र यसका मातहतका कार्यालयहरुलाई जनाउँछ । नियमन निकायले मापदण्ड निर्धारण, संसोधन एवं परिमार्जनका लागि नेपाल सरकारलाई राय सुझाव परामर्श समेत उपलब्ध गराउँदछ । मन्त्रालयले आफ्नो मातहतका उपयुक्त निकायहरुलाई नियमन निकायको रुपमा तोक्न सक्ने छ ।

- आधारभुतखानेपानी सेवा (सुधारिएको खानेपानीको स्रोत ३०मिनेट —पानीलिनजाँदा, पानीभर्न लाइनमा बस्दा र पानी भरेर घर फर्कंदा लाग्ने कुल समय) को दुरीभित्र रहेको,
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारको गुणस्तर कायमभएको (निर्माण/पुनर्निर्माण गरेपछिपानीको मुहानबाट संकलितनमूनामा, स्वास्थ्यलाई हानीकारक सूक्ष्म जीवाणु (इ. कोली)र आर्सेनिक, फ्लोराइड जस्ता रसायनहरु परीक्षण गर्दा)े,
- खानेपानी सुरक्षा योजनाकार्यान्वयनमासबै चरणहरु पूरा भई कम्तीमापनि १ पटक अनुगमनभई अद्यावधिकरहेको ।

७. ***Water safe community*** (सुरक्षितखानेपानीयुक्त समुदाय)—गाउँपालिकावानगरपालिका (उपमहानगर र महानगरपालिका समेत)कात्यस्ता समुदायवा बस्तीहरुलाई जहाँकावासिन्दाआफ्नै घरआँगनमा जडिएका धारामार्फत् (पानी संकलन गर्न ३० मिनेट भन्दाकम समय लाग्ने सामुदायिकधारा समेत), जुनसुकै बेला स्वच्छ र सुरक्षित(विशेष गरी स्वास्थलाई प्रत्यक्ष असर गर्ने हानीकारक तत्व जस्तै इ—कोलीर आर्सेनिकका सघनन् मापदण्ड भित्रभएका) खानेपानीको सुविधाप्राप्त गरिरहेका छन्,सुरक्षितखानेपानीयुक्त समुदायमान्न सकिन्छ । पाइप प्रणाली नभएको अवस्थामाभने संरक्षितपानीका स्रोत (इनार, कुवा, ट्युबवेल आदि)बाट प्राप्तपानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानीउपभोग गर्ने गरेका वासिन्दाभएका बस्तीलाई पनि सुरक्षितखानेपानीयुक्त समुदायमान्न सकिन्छ ।

सुरक्षितखानेपानीयुक्त समुदायअनिवार्य रुपमाखुलादिसामुक्त समुदाय(खुलादिसामुक्तघोषणाभई१००% खुलादिसामुक्तअवस्था)भएको हुनु पर्ने छ । यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजनामार्फत् खानेपानीलाई सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु ९ऋयलतचय िः-भबकगचभक०प्रयोग गरेको हुनु पर्छ । खुलादिसामुक्तघोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदायपनि स्वतन्त्रतवरले प्रमाणीकरण गरिएको हुनु पर्ने छ ।

८. सुरक्षित र पर्याप्तखानेपानी सेवाभएको समुदाय— सुरक्षितरपर्याप्तप्रायजसो एक अर्कासंग सम्बधित (खानेपानीको गुणस्तर र परिमाण) शब्दहुन् । गाउँवानगरपालिकाकात्यस्ता वस्तीहरुमा जहाँसुरक्षितखानेपानीकासाथसाथै पर्याप्तखानेपानीको पनि समस्या देखिएको छ , त्यहाँखानेपानीको परिमाण (उपलब्धता) पनि बढाउनेकार्यक्रम शुरुआतहुन सक्छन् । यस्ता कार्यक्रम समुदायको क्षमताबाहिरको हुन सक्ने भएकोले पनिखानेपानी सुरक्षा योजनालाई नै परिमाणसंग सम्बन्धित जोखिमहरु समेत समावेश गर्ने गरी विस्तार गर्न सकिन्छ । खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण संरचनाहरु बाढी, वा खडेरी जस्ताखानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेको हुनु पर्ने छ (जस्तै खानेपानीका सबै बिन्दुमा आपत्कालीन भण्डारण प्रणाली रहेको हुनु पर्ने छ ।)

९. खानेपानी सेवाप्रदायक —भन्नाले आमउपभोक्ता जनताका लागि सुरक्षित खानेपानी उत्पादन वितरण(आपूर्ति) मा संलग्न रहने संस्थाहरु जस्तै खानेपानी व्यवस्थापन वोर्डहरु, नेपालखानेपानी संस्थान, प्रशोधित पानी उत्पादक र वितरक कम्पनीहरु तथा खानेपानी उपभोक्ता संस्थाहरु सम्झनु पर्दछ ।

विषय-सूची

१. पृष्ठभूमि .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

१.१ परिप्रेक्ष्य... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

१.२ उद्देश्य .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२. खानेपानी गुणस्तर अनुगमन... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.१ अनुगमन के को गर्ने ? .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.२ अनुगमन गर्ने दायित्व .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.३ अनुगमन आवृत्ति (Frequency) र पारामिति .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.५ गुणस्तर परीक्षण नमूना विन्दु... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.७ व्यवस्थित खानेपानी प्रणाली नभएका स्थानमा .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.८ खानेपानी प्रणाली संचालनमा रहेका तर खानेपानी सुरक्षा योजना लागू नभएका स्थानमा ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.९ खानेपानी सुरक्षा योजना लागू भई संचालनमा रहेका खानेपानी प्रणाली भएका स्थानमा . ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.९.१ नमुना लिने र गुणस्तर परीक्षण गर्ने विधिहरू..................................... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.९.२ गुणस्तर परीक्षणका नतीजाहरूले दिने जनाउ....................................... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

२.९.३ गुणस्तर परीक्षणका गर्ने सुविधा .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

३. अभिलेखन तथा अद्यावधिक.. ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

४. प्रमाणिकरण... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

५. सूचना प्रवाह .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

६. नियमन निकाय, सेवाप्रदायक संस्था तथा अन्य सरोकारवालाहरूको भूमिका तथा जिम्मेवारीङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

६. परिशिष्टहरू... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

परिशिष्ट १. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ .... ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

परिशिष्ट २(क) पानी परीक्षण प्रयोगशालामा खानेपानी गुणस्तरको अभिलेख राख्ने नमूना फाराम : ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

परिशिष्ट २(ख) **फिल्ड परीक्षण किटबाट खानेपानी गुणस्तर परीक्षण गरी अभिलेख राख्ने फारामको नमूना :** ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्ञथङ्गघ.

१. पृष्ठभूमि

१.१ परिप्रेक्ष्य

खानेपानी र सरसफाइ सेवा सुविधाको महत्व,जनस्वास्थ्यको दृष्टिकोणले अति नै ठूलो छ । यो क्षेत्रको विकासका लागि देशमा धेरै प्रयासहरु हुँदै आएका छन् । धेरै उपलब्धिहरु पनि प्राप्त भएका छन् । देशको (जनसंख्याको करीव ७६% जनसंख्याले आधारभूत खानेपानीको सेवा र १९% जनसंख्याले सुरक्षित खानेपानीको सेवा प्राप्त गरेका छन् । त्यस्तैमा बाट र ९९% जनसंख्याले करिब ६१% सुरक्षित सरसफाइ र करिव १८% आधारभूत सरसफाइ सुविधा (चर्पीको पहुँचको आधारमा) बाट लाभान्वितभएको तथ्याङ्क (MICS 2019) देखिन्छ । देश भर करीव ४४,००० संख्यामा खानेपानी प्रणालीहरु (विभिन्न स्तर र प्रविधिका) निर्माण भई संचालनमा रहेको मानिन्छ । ती सबैले आफ्नो उद्देश्य अनुरुप दिगो र भरपर्दो सेवादिई रहेका छन् त ?भन्ने प्रश्नभने अझै अनुत्तरित नै छन् ।

“प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ” भनी संविधानले खानेपानी तथा सरसफाइ सेवालाई मौलिकहक र कर्तव्य अन्तर्गत स्थापित गरेको छ । दिगो विकास लक्ष्य (सन् २०१६—२०३०) का १७ लक्ष्यमध्ये “सबैलाई खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनको सुनिश्चित गर्ने” छैठौं लक्ष्यलाई नेपाल सरकारले पनि आत्मासात् गरी आफ्ना योजना र कार्यक्रमहरु तयार गरिरहेको छ । लुम्बिनी प्रदेशले “सम्वृद्ध प्रदेश खुशी जनता” भन्ने प्रतिवद्धताका साथ सम्वृद्धि र खुशीको प्रमुख आधारको रुपमा खानेपानीको शुद्धता र उपलब्धता लाइ मध्यनजर गर्दै रेसुङ्गा नगरपालिकाले पनि ूएक घर एक धारा” को नेपाल सरकारको निति लाइ पछ्याएर खानेपानी तथा सरसफाइका कार्यक्रमहरुलाई दुरत गतिमा अगाडी बढाइ रहेको छ । खानेपानी सेवालाई विश्वसनीय र नतिजामूलक तुल्याउने एउटा प्रमुख माध्यम वितरित पानीको गुणस्तर निरन्तर तवरले सुनिश्चित गर्नु हो । यसका लागि खानेपानी प्रणालीहरुमा गुणस्तर सुधार आयोजनामार्फत् आवश्यकताअनुसार पानी प्रशोधन ईकाइहरु निर्माण गर्ने, प्रशोधन ईकाइहरुको कार्य क्षमताबारे अध्ययन अनुसन्धान गर्ने, सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने र प्रणालीको संभार मर्मत तथा संचालनकार्यमा खानेपानी सुरक्षा योजनालाई एकीकृत तुल्याउने जस्ता कार्यहरु अघि बढाइएका छन् ।

दिगो विकासको लक्ष्य नं. ६.१ अन्तर्गत सन् २०३० को अन्त्यसम्म स्वच्छ खानेपानी सेवा प्राप्त गरेका जनसंख्याको सूचकाङ्क १९ प्रतिशतबाट ९० प्रतिशतसम्म बढाउने र घरायसी तहमा खानेपानीमा देखिएको जैविक प्रदूषणको जोखिम मोलिरहेका घरपरिवारको सूचकाङ्क ८५ प्रतिशतबाट १ प्रतिशतसम्म घटाउने जस्ता राष्ट्रिय लक्ष्यकासाथ हाल खानेपानी तथा सरसफाइका कार्यक्रमहरू संचालन भईरहेका छन् । यी लक्ष्यप्राप्ति के कतिभए भन्ने जानकारीका लागि पनि यस सम्बन्धि तथ्याङ्कहरु स्थानीयतह नगरपालिकाबाटै संकलन हुनु जरुरी देखिएको छ ।

यसै तथ्यलाई आत्मसात् गर्दै रेसुङ्गा नगरपालिकाले पनि आवधिक योजनामा आ.व. २०८२/८३ सम्म स्वच्छ तथा प्रशोधित खानेपानीमा पहुँच पुगेका घरपरिवार ६०% पुर्‍याउने लक्ष्य निर्धारित गरेको छ । सोही लक्ष्य प्राप्तिका उद्देश्यले प्रदेश स्तरमा खानेपानी गुणस्तर अनुगमन कार्यविधिको मौलिक खाका हुनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

पुर्ण सरसफाइ मार्गदर्शन २०७३ ले पुर्ण सरसफाईको प्रमुख सुचकमा सुरक्षित पानीमा पहुँच तथा प्रयोगलाई मानेर कार्यक्रमहरु संचालन भई राखेका छन । त्यस्तैमा खानेपानी तथा सरसफाइ क्षेत्रगत योजना २०७६(२०८८ मा समेत २०८७ सन २०३० सम्ममा कम्तिमा ५० प्रतिशत जनतालाई उच्च स्तरको खानेपानी सेवा र ५० प्रतिशत जनतालाइ मध्यम स्तरको खानेपानी सेवा प्रदान गर्ने लक्ष्य राखेको छ । देशभर संचालनमा रहेका विभिन्न किसिमका खानेपानी प्रणालीहरु, खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको उपस्थिति र खानेपानी आपूर्ति सेवाको स्तर अनुसारको राष्ट्रिय लक्ष्य आदिलाई मध्येनजर राखी खानेपानी गुणस्तर सुधार अनुगमन खाका तयार गरिएकोछ ।

खानेपानी गुणस्तर सुधार अनुगमन खाका तलचित्र नं. १ मा प्रस्तुत गरिएको छ ।

खानेपानी गुणस्तर सुधार अनुगमन खाका



आम सेवाग्राहीहरुमा खानेपानी सेवाको पहुँच पुयाउनुको साथै सुरक्षित खानेपानीको सुनिश्चितता गर्न खानेपानी गुणस्तर सुधार अनुगमन खाका अबलम्बन गरिने छ ।

१.२ उद्देश्य

खानेपानी गुणस्तर अनुगमन :- कार्यविधिको सर्वोपरी लक्ष्यभनेको हरेक नागरिकहरुमा स्वच्छ, पर्याप्त तथा दिगो खानेपानीको सेवाको पहुंचको सुनिश्चतता प्रदान गर्नु रहेको छ ।

यस कार्यविधिका विशिष्ट उद्देश्यहरु निम्न रहेकाछन्ः

(क) राष्ट्रिय खानेपानीको गुणस्तर सुनिश्चित गर्न आवश्यकविधि/साधन/स्रोत बारे वर्णन गर्ने ।

(ख) खानेपानी प्रणालीहरुको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डको परिपालन अनुगमन गर्ने निकायहरु निश्चित गरि जिम्मेवारी समेत तय गर्न प्रस्ताव गर्ने

२. खानेपानी गुणस्तर अनुगमन

खानेपानी प्रणालीको संचालन, सम्भार तथा मर्मत कार्यको सिलसिलामा, प्रणालीद्वारा वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुरूप छ कि छैन भनी जाँच्नका लागि र समष्टिगत रूपमा प्रणालीले आमजन स्वास्थ्यको सुधारमा पु¥याएको योगदानबारे जान्नका लागि खानेपानीको परीक्षण गरी गुणस्तर अनुगमन गर्ने गरिन्छ । यस्ता अनुगमनकार्यहरु विशिष्ट उद्देश्य र कर्ताका आधारमा निम्नप्रकारका हुन्छन्

क) Operational Monitoring —(संचालन—अनुगमन) — खानेपानी प्रणालीका विभिन्न संरचनाहरु, खानेपानी सुरक्षा योजना अन्तर्गत परिभाषित नियन्त्रण—उपायहरुले प्रभावकारी रुपमाकाम गरिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्न र गरेका छैनन् भने पनि समयमै आवश्यक सुधारका पाइला चाल्नका निम्ति गरिने अनुगमनकार्यलाई संचालन—अनुगमन भनिन्छ ।

ख) Compliance Monitoring (परिपालन—अनुगमन)— सेवा—प्रदायकद्वारा संचालन—संभार गरिएका खानेपानी प्रणालीबाट वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार छ कि छैन भनी गरिने अनुगमनकार्यलाई परिपालन—अनुगमन भनिन्छ । यस्तो अनुगमनका लागि मापदण्डमा उल्लेखित सके सम्म सम्पूर्ण नभए सम्बन्धित प्रणालीमा बारम्बार देखा पर्ने गुणस्तर सम्बन्धी पारामितिहरूको परीक्षण गर्नु पर्छ ।

ग) Water quality surveillance (गुणस्तर निगरानी)— सेवाप्रदायकद्वारा वितरित पानीआम जन स्वास्थ्यको दृष्टिकोणले जोखिमरहित, ग्राह्य र सुरक्षित छ या छैन भनी स्वतन्त्र रुपमा गरिने लेखाजोखालाई गुणस्तर निगरानी भनिन्छ । (हेर्नुहोस् राष्ट्रिय खानेपानी गुणस्तर सर्भिलेन्स, २०७० र संशोधन २०७६)

२.१ अनुगमन के को गर्ने ?

खानेपानी प्रणालीद्वारा वितरित पानीको गुणस्तर नेपाल गुणस्तर मापदण्ड भित्र रहेर मानव स्वास्थ्यको हिसाबले स्वच्छ रहोस् भन्नाकालागि प्रणालीका सम्पूर्ण अंगहरू र उपभोक्ताका घरमा पुगे पश्चात समेत प्रदूषित नहोस् भनि निर्माण गरिने संरचनाहरु तथा पहल (नियन्त्रण—उपाय)हरुको वास्तविक अवस्थाको अनुगमन गरिन्छ । यस्ता नियन्त्रण उपायहरुको निरन्तरताको यकिन गर्नु र थप सुधार कार्यको पहिचान गर्ने कार्य समेत अनुगमनका दौरान गर्ने गरिन्छ ।

खानेपानी प्रणाली संचालनको सिलसिलामा गुणस्तर सम्बन्धीप्रश्नहरु उठ्न सक्ने अवस्था र तिनलाई सम्बोधन गर्न परीक्षण गरिने पारामितिहरू, स्विकृत भ्यालु ९एभचmष्ककष्दभि ख्बगिभ०र तिनको आवृति (कति कति समयको फरकमा गर्ने) परिष्टाकं ५ मा दिइएकोछ :- (विस्तृत जानकारीकालागिराष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड,२०६२ हेर्न सकिन्छ)

२.२ अनुगमनगर्ने दायित्व

खानेपानी गुणस्तर अनुगमनका गर्नका लागि निम्न संस्थाहरु जिम्मेवार हुनेछन् ।

२.२.१ खानेपानी आपुर्तिकर्तारउपभोक्ता संस्था

खानेपानीको उपभोक्ताहरुलाई राष्ट्रिय गुणस्तर मापदण्ड अनुसार पानी उपलब्ध गराउने प्रमुख जिम्मेवारी खानेपानी आपुर्तिकर्ता वा उपभोक्ता संस्थाहरुको हुनेछ । यस कारणले आफ्नो संस्थाद्धारा उपलब्ध गराएको पानी गुणस्तरीय छ भनेर सुनिश्चत हुन खानेपानीको गुणस्तर परिक्षण गरी प्रतिवेदन तयार गरेर राख्नु पर्ने हुन्छ । यी नै संस्थामाकार्यरत खानेपानी गुणस्तर मापनका लागि तालिम प्राप्त कर्मचारी वा स्वयंसेवकहरूले आफ्नो प्रणालीमा खानेपानी गुणस्तर मापन तथा नियन्त्रण—उपायहरूको अनुगमन गर्ने जिम्मेवारी बहन गर्दछन्।

२.२.२ स्थानीय सरकार

स्थानीय सरकार नगरपालिकाले उपमेयरको संयोजकत्वमा खानेपानी गुणस्तर अनुगमन समिति गठन गर्नेछन् । उक्त समितिमा पालिकाको खानेपानी तथा सरसफाइ क्षेत्रसंग सम्बन्धित प्राविधिक—१ जना, खानेपानी तथा सरसफाइ क्षेत्रसंग सम्बन्धित विज्ञ —१ जना, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघका प्रतिनिधि — १ जना स्वास्थ्य क्षेत्रसंग सम्बन्धित पालिकाको कर्मचारी —१ जना गरी जम्मा ५ जना सदस्य हुनेछन् ।

२.२.३ खानेपानी डिभिजन तथा सब डिभिजन कार्यालयहरु

लुम्बिनी प्रदेश सरकार अन्तरगतका खानेपानी डिभिजन तथा सब डिभिजन कार्यालयहरुले नियमित रुपमा आफ्नो सेवा क्षेत्रका आम उपभोक्ताहरुले उपभोग गरि राखेको खानेपानीको गुणस्तर अनुगमन गरी राख्नु पर्नेछ ।

२.२.४ खानेपानी तथा सरसफाइ महाशाखा, लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश अन्तरगतका खानेपानी योजनााहरु खानेपानी उपभोक्ता संस्था, पालीका कार्यालय तथा मातहतका कार्यालयहरुको अनुरोधमा खानेपानी गुणस्तर अनुगमन गर्ने र निर्देशन दिन सक्नेछ ।

२.३ अनुगमन आवृत्ति ९ँचभत्रगभलअथ० र परामिति

अनुगमन विशेष गरी पहिलो खानेपानी गुणस्तरको पारामितिहरु र दोश्रो नियन्त्रण—उपायहरूको अनुगमन गरिन्छ । खानेपानी गुणस्तरको पारामिति र अनुगमनको आवृत्ति निम्न बमोजिम हुनेछ ।

(१) शहरी खानेपानी प्रणालीहरुको लागि अनुगमन तालिका तल दिइएको तालिका नं १ अनुसार हुनेछ ।

सि.नं.	वर्ग	परामिति	अनुगमनआवृत्ति
१		धमिलोपना	दैनिक
२		हाइड्रोजन विभव	दैनिक
३	भौतिक	रंग	दैनिक
४		स्वादतथागन्ध	दैनिक
५		कुल घोलित ठोस पर्दाथ	मासिक
६		विद्युतीय संवाहकता	त्रैमासिक
७		क्लोरिन अवशेष	दैनिक
८		फलाम	मासिक
९		मेंगानिज	मासिक
१०		आर्सेनिक	मासिक
११		क्याडमियम	मासिक
१२		क्रोमियम	मासिक
१३		सायनाइड	वार्षिक
१४		फ्लोराइड	वार्षिक
१५		शिशा	वार्षिक
१६		अमोनिया	वार्षिक
१७	रासायनिक	क्लोराइड	वार्षिक
१८		सल्फेट	वार्षिक
१९		नाइट्रेट	वार्षिक
२०		तामा	वार्षिक
२१		कूल कडापन	वार्षिक
२२		क्यालसियम	वार्षिक
२३		जस्ता	वार्षिक
२४		पारो	वार्षिक
२५		आलुमिनियम	वार्षिक
२६		इ-कोली	मासिक
२७	सूक्ष्म जैविक	कूल कोलीफर्म	मासिक

(२) ग्रामीण खानेपानी प्रणालीहरुको लागि अनुगमनतालिका नं १ मा उल्लेखित पारामितिहरु मध्ये सूक्ष्म जैविक पारामितिहरु र भौतिक पारामितिहरु वर्षको ३ पटक (मनसुन पूर्व, मनसुनमा र मनसुन पश्चात) अनुगमन गरिनेछ ।

संचालन अनुगमन नियमितरूपमा गर्नु पर्छ । यसको अलावा प्रणालीका संरचनाहरूमा थपघट भएमा, बाढी, पहिरो, अति वृष्टि, अनावृष्टि, तापक्रममा अत्यधिक बृद्धि जस्ता घटना घटेर संचालन प्रक्रियामा वा विशेष गरी खानेपानीको गुणस्तरमा नकारात्मक असर पर्न गएका बेलामा अनुगमन गर्न पर्छ ।

२.५ गुणस्तर परीक्षण नमूना विन्दु

पानीको गुणस्तर परीक्षणका लागि नमूना संकलन गरिने स्थानहरू सामान्यतया निम्नलिखित हुन्छन् :-

१. मुहानमा, इन्टेकको आउटलेट पाइपबाट वा सम्भव भएसम्म इन्टेक नजीकैको खोलाबाट, भूमिगत स्रोत (deep/ shallowtubewell) भएमा पम्पको डेलिभरी पाइपबाट

२. पानीपोखरी (Reservoir) को इन्लेट र आउटलेट पाइपबाट

३. पानी प्रशोधन उपप्रणाली समेत भएको अवस्थामा भने, पानीप्रशोधन केन्द्र प्रवेश गर्ने पाइप (इनलेट) र प्रशोधित पानी केन्द्रबाट बाहिर निस्कने पाइप (आउटलेट) बाट

४. पानी प्रशोधन उपप्रणाली भित्र प्रशोधनविधि अनुसार विभिन्न इकाइहरू जस्तै- ग्रीट च्याम्बर, सेडिमेण्टेशन टैंक, फिल्टर (स्लो स्याण्ड, ¥यापिड स्याण्ड फिल्टर, रफिङ फिल्टर, प्रेसर फिल्टर आदि), स्थापना गरिएका हुन सक्छन् । तिइकाइका छुट्टाछुट्टै कार्यक्षमता मूल्यांकन गर्ने हो भने प्रत्येक इकाइका इन्लेट र आउटलेट पाइपबाट

५. वितरण पाइपलाइनबाट

६. सम्भव भए सम्म सार्बजनिकधाराबाट, सार्वजनिकधारा नभएको स्थानमा सबै भन्दा छोटो कनेक्सन पाईप भएको निजीधाराबाट

७. उपभोक्ताहरूको स्थानमा, घरायसी स्तरमा बनाइएका पानीजम्मा गर्ने टैंकी, ड्रम, घ्याम्पो, गाग्रीआदिबाट

२.७ व्यवस्थित खानेपानी प्रणाली भएका तर खानेपानी सुरक्षा योजना लागु नभएका ग्रामिण समुदायमा

ग्रामिण समुदायहरुमा खानेपानी प्रणालीहरु व्यवस्थित रुपमा संचालन भएको तर खानेपानी सुरक्षा योजना लागु नभएकागाउँ वस्तीहरूका जनताहरुमा समेत सुरक्षित खानेपानी सेवामा पहुँच हुनु पर्छ । व्यवस्थित खानेपानी प्रणाली भएता पनि खापासुयो लागु नभइन्जेल सम्मका अवधिभित्र पनि खानेपानीको लागि खोलानाला, असंरक्षित कुवा, पंधेरा, इनार आदिमा निर्भर रहेका जनताहरू प्रदूषित पानीको जोखिमबाट बच्न सकुन भन्ने ध्येयले खानेपानी गुणस्तर अनुगमनकार्य गर्नु पर्ने हुन्छ । सो अवस्थामा खानेपानी गुणस्तर अनुगमन कसले, कहिले कहिले र कसरी गर्ने भन्ने बारे तलतालिका नं. १ मा दिइएको छ ।

के गर्ने	कसले गर्ने	कहिले कहिले गर्ने
पानीको स्रोतहरू, जस्तै खोला, इनार, पनेरा, असंरक्षित कुवा आदिको वरिपरिको सरसफाइको अवस्था निरीक्षण गर्ने (हेर्नुहोस् परिशिष्ट नं. १) , सरसफाइको स्थिति कायम राख्ने ,राख्नलगाउने	नगरपालिका अन्तरगतका स्वास्थ्य शाखा/इकाइ	हरेक ३/३ महीनामा
पानीको स्रोतबाट लिइएको नमूनामाधमिलोपन र पि.ए. भायलद्वारा सूक्ष्म—जैविक प्रदूषण परीक्षण गर्ने		हरेक ६/६ महीनामा
घरायसीपानीप्रशोधनकाविधिहरूको प्रयोग बारे प्रचार प्रसार गर्ने		जनस्वास्थ्यमा देखिएका स्वास्थ्य सम्बन्धी समस्याकाआधारमा आवश्यक परेको बेलामा

व्यवस्थित खानेपानी प्रणाली नभएका गाउँ वस्तीहरूमा नगरपालिका मातहतका स्वास्थ्य सम्बन्धीशाखा/इकाइहरूद्वारा गुणस्तर निगरानी गरिने कार्य हुन्छ र आवश्यकताअनुसार घरायसी तहमा पानी प्रशोधनका विधिहरूको प्रयोग बारे प्रचार प्रसार गर्ने कार्य गरिन्छ । खानेपानी गुणस्तर सम्बन्धी अन्य अनुगमन जस्तै संचालन—अनुगमन र परिपालन—अनुगमन यहाँ आवश्यक पर्दैनन् ।

२.८ खानेपानी प्रणाली संचालनमा रहेका तर खानेपानी सुरक्षा योजना लागू नभएका स्थानमा अझै पनि खानेपानी

सुरक्षा योजनाको अवधारणा धेरै जसो खानेपानी प्रणालीहरुको संचालन तथा सम्भार कार्यमा समाहित गर्न बाँकी नै छन् । त्यस्ता प्रणालीहरुमा पनिकुनै न कुनै तवरले खानेपानीको गुणस्तर सुनिश्चित गर्ने प्रयास गरिनु पर्दछ । प्रणालीमा भएका संरचनाहरुको भौतिकअवस्था, संरचनानजीक रहेका क्षेत्रहरुको सरसफाइको स्थिति, पानीको गुणस्तर आदिको अनुगमन गर्नु पर्ने हुन्छ । खानेपानी गुणस्तर अनुगमनकसले र कहिलेकहिले, कसरी गर्ने भन्ने बारे तलतालिका नं. २ मा दिइएको छ ।

तालिका नं

के गर्ने	कसले गर्ने	कहिले कहिले गर्ने
प्रमुख संरचनाहरू जस्तै इन्टेक, कलेक्शन च्याम्बर, पानी टैंकी, भल्भच्याम्बर, सेडिमेन्टेशन टैंक आदि को भौतिकअवस्था निरीक्षण	उपभोक्ता समिति/सेवाप्रदायक	हरेक महीनामा
प्रमुख संरचनावरिपरिका क्षेत्रको सरसफाइको स्थिति आँकलन (स्यानिटरी निरीक्षण)(हेर्नुहोस् परिशिष्ट नं.१)		हरेक महीनामा
धमिलोपन र हाइड्रोजन विभव (PH) मापन	उपभोक्ता समिति/सेवाप्रदायक	हरेक ३ महिनमा एक पटक
इ—कोली परीक्षण		
जीवाणु मार्न क्लोरिन प्रयोग गरिएको छ भने, क्लोरिन अवशेष (ँच्ऋ) मापन	उपभोक्ता समिति/सेवाप्रदायक	हरेक दिन
राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डको परिपालनभएनभएको जाँच्न परिपालन—अनुगमन गर्ने	स्थानीय/ प्रदेश/संघीय सरकारका निकायहरू	हरेक ६ महीनामा

उपभोक्ता समिति/सेवाप्रदायकले खानेपानी प्रणालीको संचालनतथा सम्भार कार्यको सिलसिलामा संचालन—अनुगमन र परिपालन—अनुगमन गर्नेछन् । प्रणाली संचालनमाआएको पहिलो महीनाभित्र एक पटक खानेपानी गुणस्तर अनुगमनः कार्यविधि र राष्ट्रियखानेपानी गुणस्तर मापदण्ड, २०६२ र कार्यान्वयननिर्देशिका, २०६२ अनुसार सम्पूर्ण पारामितिहरुको परीक्षण गरी नतीजाको रेकर्ड राख्ने छन् । त्यस पछिका समयहरूमा संचालन—अनुगमन गर्ने छन् ।

२.९ खानेपानी सुरक्षा योजनालागू भई संचालनमा रहेका खानेपानी प्रणाली भएका स्थानमा विशेष गरी पानीको गुणस्तको निरन्तर सुनिश्चितता र पानीआपूर्ति सेवाको दिगोपन बढाउन खानेपानी सुरक्षा योजनाको कार्यान्वयनले

सहयोग गर्दछ । त्यसैले खानेपानी प्रणालीको डिजाइन, निर्माण, र संचालन—सम्भार सबै चरणमा खानेपानी सुरक्षा योजनालाई लागू गर्ने कार्यले व्यापकतापाउँदैछ ।

२.९.१ नमुना लिने र गुणस्तर परीक्षण गर्ने विधिहरू

पानीको आपूर्तिकर्ताले खानेपानीको गुणस्तर तोकिएको मापदण्ड अनुरुप भए नभएको परिक्षण गर्नु पर्नेछ ।

नमुना लिने विधि

यसरी परिक्षण गर्न देहाय बमोजिम नमूना लिनु पर्नेछ ।

१) साधारणतया ग्राभिटी तथा पम्पिङ्ग प्रणालीमा वितरण पाइपलाइनबाट नमुना लिनु पर्दछ । यसरी नमुना लिँदा तल उल्लेख गरिए अनुसार नमुना विन्दु कायम गर्नु पर्दछ ।

क) मूख्य, सहायक र उपसहायक वितरणलाइनमा प्रति ५ कि मि एक नमुना विन्दु कायम गर्नु पर्दछ ।

ख) सम्भव भए सम्म सार्वजनिक धारालाई नमुना विन्दु मान्नु पर्दछ ।

ग) सार्वजनिक धारा नभएको अवस्थामा सबैभन्दा छोटो कनेक्सन पाइप भएको निजि धारालाई नमुना विन्दु मान्नु पर्दछ ।

घ) रिजर्भ टैंकहरुको आउटलेटलाई पनि नमुना विन्दु मान्नु पर्दछ ।

ङ) आवश्यकता अनुसार प्रामाणिक नमुना छनोट विधि (Standard Methods of Sampling) अवलम्वन गर्नु पर्दछ ।

च) दक्ष व्यक्ति (तालिम प्राप्त) हरुले नमुना लिनु पर्दछ ।

२.९.२ गुणस्तर परीक्षणका नतीजाहरूले दिने जनाउ

कुल कोलिफर्म माटो, बनस्पति र जनावरहरूमा प्राकृतिक तवरले नै पाइन्छ । वितरित खानेपानीमा कुल कोलिफर्म देखिनु भनेको यदिइनार वा ट्युबवेल स्रोतको रुपमाप्रयोग गरिएको छ भने भूमिगतपानीमा सतहीपानीअन्तःस्राव ९ष्लाष्तिचबतष्यल० भई मिसिएको र खोलानालाको स्रोत हो भने प्रशोधन इकाइले राम्रो काम गर्न छोडेको भन्ने बुझिन्छ । इ—कोली मान्छे र जनावरका पाचन प्रणालीसंग सम्बन्धित अंगमा पाइन्छ । वितरित खानेपानीमा इ—कोली देखिनुको अर्थ पानी प्रांगारिक मल वा ढल मिसिएर प्रदूषितभएको छ भन्ने बुझिन्छ । खानेपानीमायी जीवाणुका उपस्थितिले हाम्रो स्वास्थ्यलाई हानी पु¥याउन सक्छ । धाराबाट लिइएको नमूना परीक्षण गर्दा क्लोरिन अवशेषको मात्रा पाइएमा पानी इ—कोलीद्वारा प्रदूषित छैन भन्ने बुझिन्छ ।

२.९.३ गुणस्तर परीक्षण गर्ने निकायहरु

खानेपानी गुणस्तरको परिक्षणको सुविधाको लागि तपसिलको व्यवस्था गरिनु पर्नेछ ।

क) गाउँपालिका वा नगरपालिकामा खानेपानी परिक्षण ल्याबको स्थापना :- यस कार्यविधिले खानेपानी गुणस्तर परिक्षणको लागि नियमित रुपले परिक्षण गरिनु पर्ने पारामितिहरु जस्तै सुक्ष्म जैविक पारामितिहरु, भौतिक पारामितिहरु र आर्सेनिक आदि परिक्षणको सुविधा सहितको प्रत्येक स्थानिय तहमा तालिम प्राप्त प्राविधिक जनशक्ति यूक्त खानेपानिगुणस्तर परिक्षण प्रयोगशालाको स्थापनागर्ने परिकल्पना गरेको छ र सो प्रयोजनार्थ स्थानिय तहहरुसंग समन्वय र सहजिकरणको लागि प्रदेश सरकारले पहल गरिनु पर्नेछ ।

ख) निजी खानेपानी परिक्षण प्रयोगशाला संगको साझेदारी :- यस कार्यविधिले खानेपानी गुणस्तर परिक्षणको लागि स्थानिय तहहरुले नेपाल सरकारको खानेपानी गुणस्तर मापन मापदण्ड भित्र रहेर पानी परिक्षण गर्ने क्षमता भएको निजि खानेपानी परिक्षण प्रयोगशालासंग पनि समझदारी पत्रमा हस्ताक्षर गरि खानेपानी गुणस्तर मापनको जिम्मेवारी दिन सकिनेछ ।

ग) मोबाइल पानी परिक्षण भ्यान संगको समन्वय :- यस कार्यविधिमा संघिय सरकारद्धारा सबै प्रदेशमा एक एक वटा खानेपानी परिक्षण मोबाइल भ्यान सुचारु गरि रहेकोले सो मोबाइल भ्यान संगको समन्वय गरेर पनि पानी परिक्षणको व्यवस्था गर्न सकिने छ ।

घ) प्रदेश खानेपानी गुणस्तर परिक्षण ल्याब लुम्बिनी प्रदेश सरकारको पहलमा बाणगंगा नगरपालिका ४ नं जित गढीमा सुविधा सम्पन्न प्रदेश स्तरिय खानेपानी गुणस्तर परिक्षण ल्याबको सन्चालन अन्तिम चरणमा रहेकोले सो को सन्चालन पश्चात कम्तिमा वर्षको एक चोटी सम्पूर्ण खानेपानी प्रणालीहरुको खानेपानी गुणस्तर परिक्षणगरी खानेपानी शुद्धताको सर्टिफिकेट प्राप्त गर्नु पर्ने व्यबस्था प्रचलनमा ल्याउन स्थानिय तह र प्रदेश तहबाट पहल गरिनु पर्नेछ ।

३. अभिलेखन तथा अद्यावधिक

सेवा प्रदायक वा पानी आपूर्तिकर्ताले संचालन—अनुगमनका सिलसिला गरिएका सम्पूर्ण क्रियाकलापहरूको रेकर्ड तयार पारेर प्रमाणित गराई राख्नु पर्छ । विशेष गरी पानीको गुणस्तर परीक्षणबाट देखिएका नतीजाहरू, यन्त्र तथा उपकरणका मर्मत आदिकार्यको अभिलेख राख्नु पर्छ । अभिलेखनमा रहेका नतीजाहरू खानेपानी सुरक्षा योजनाको आन्तरिक अडिट (लेखा—परीक्षण) गर्न महत्वपूर्ण आधार हुन सक्छन् ।यसका साथै नियामक संस्थालाई परिपालन—अनुगमन गर्न पनिआधारशीला बन्न सक्छन् । पिएभाइलको प्रयोग र क्लोरिन अवशेषको परीक्षणको अलावा,स्वास्थ्य चौकी वा नगरपालिका/जिल्ला समन्वय समिति ले मान्यता प्राप्त प्रयोगशालाबाट नियमित रुपमा पानीको गुणस्तर परीक्षण गर्न सक्छन् । पानी परीक्षणका नतीजाहरू अभिलेख राख्ने फारमहरू परिशिष्ट नं.५ मा दिइएको छ ।

यसका साथै पानी परिक्षणको नतिजा NWASH Mobile Apps को माध्यमबाट सर्वेक्षण स्थानिय तहबाट तथा अद्यावधिक गर्ने कार्य सेवा प्रदायकले समेत गरिनु पर्नेछ ।

४. प्रमाणीकरण

खानेपानी प्रणालीहरुको खानेपानी गुणस्तर मापन पश्चात राष्ट्रिय गुणस्तर मापदण्ड २०६२ अनुसारको स्विकृत मापदण्ड भित्र खानेपानीको गुणस्तर छ भनि स्थानिय तह (नियामक निकाय) ले गुणस्तर मापन प्रतिवेदनका आधारमा प्रमाणित गरेर वार्षिक रुपमा अद्यावधिक समेत गरिनु पर्छ । सो कार्य भन्दा अगावै पानी उपभोग गर्ने उपभोक्ताले समेत स्व(घोषणा गर्ने र वार्षिक रुपमा सन्तुष्टि सर्वेक्षणको समेत व्यवस्था गरिनु पर्नेछ ।

५. सूचनाप्रवाह

सेवाप्रदायकले खानेपानी परीक्षणका नतीजाहरूको सारांश र सुझाव सहितको प्रतिवेदन ४-४महिनामा (वर्षमा ३ पटक) सम्बन्धित नियमन संस्थामा पेश गर्नु पर्छ । नियमन संस्थाले परिपालना—अनुगमन गरेपछि एक महिनाभित्र सेबाप्रदायकलाई पृष्ठपोषण दिनु पर्छ । हरेक महिनामा परीक्षणका नतीजाहरू सार्वजनिक FM,TV, notice board जस्ता माध्यमद्वारा गर्ने र सम्बन्धित सरोकारवालाले माग गरेको खण्डमा समयमै उपलक्ध गराउने व्यवस्था गरिनु पर्छ ।

६. नियमन निकाय, सेवा प्रदायक संस्था तथा अन्य सरोकारवालाहरूको भूमिका तथा जिम्मेवारी

खानेपानीको गुणस्तर अनुगमन र निगरानी गर्ने कामका लागि सेवा प्रदायक संस्था (उपभोक्ता समिति,व्यवस्थापनबोर्ड, संस्थानआदि), नियामकनिकाय (स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार) र अन्य सरोकारवालाहरू (निजी र गैरसरकारी संस्था) का भूमिका तथा जिम्मेवारी तल तालीकामा प्रस्तुत गरिएकोछ ।

तालिका नं ३

खानेपानी गुणस्तर अनुगमन सम्बन्धीकार्यहरू	सेवाप्रदायक	नियमननिकाय	अन्य सरोकारवालाहरू	कैफियत
खानेपानी सुरक्षा टोली गठन	प्रत्यक्षसंलग्नभई आफै काम गर्ने			
प्रणालीविश्लेषण, प्रदूषण पहिचान, जोखिमविश्लेषण, नियन्त्रण—उपायको प्राथमिकिकरण	प्रत्यक्षसंलग्नभई आफै काम गर्ने			

सुधार कार्यः योजनातर्जूमा र कार्यान्वयन			अप्रत्यक्ष रुपमाकाम सम्पादन गर्न सहायकसिद्ध हुने कार्य गरी टेवा पुर्‍याउने	
(संचालन— अनुगमन)को सिलसिलामानिरीक्षण, र पानीको नमूना परीक्षण			(संचालन— अनुगमन)को सिलसिलामानिरीक्षण, र पानीको नमूना परीक्षण	
	प्रत्यक्ष संलग्नभई आफै काम गर्ने			नियमन निकाय भनेको संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश तथा स्थानीय सरकारका स्वास्थ्य शाखा हो।
गुणस्तर निगरानी		प्रत्यक्ष संलग्न भई आफै काम गर्ने	गुणस्तर निगरानी	

उपभोक्ता समितिद्वारा संचालन—सम्भार भइरहेका स्थानीय स्तरका खानेपानी प्रणालीहरूका खानेपानी गुणस्तरको परिपालन—अनुगमन स्थानीय सरकार नगरपालिकाले गर्ने छ ।

स्थानीय सरकार नगरपालिका आफैद्वारा संचालन—सम्भार भइरहेका स्थानीयस्तरका खानेपानी प्रणालीहरूका खानेपानी गुणस्तरको परिपालना अनुगमन भने प्रदेश सरकारले गर्नेछ ।

एकै प्रदेशभित्रका २ वा २ भन्दा बढी गाउँपालिका/नगरपालिका क्षेत्रमा सेवा—क्षेत्र फैलिएको खानेपानी प्रणालीहरूका खानेपानी गुणस्तरको परिपालना—अनुगमन प्रदेश सरकारको भौतिकपूर्वाधार विकास मन्त्रालय अन्तर्गतका खानेपानी क्षेत्र हेर्ने निकायले गर्नेछन् ।

दुई वा २ भन्दा बढी प्रदेशका क्षेत्रमा सेवा—क्षेत्र फैलिएको खानेपानी प्रणालीहरूका खानेपानी गुणस्तरको परिपालना—अनुगमन संघीय सरकारको खानेपानी मन्त्रालय, खानेपानी तथा ढलव्यवस्थापन विभाग र अन्तर्गतका कार्यालयले गर्नेछन्।

सेवाप्रदायकको मूख्य जिम्मेवारी खानेपानी प्रणालीको संचालन—सम्भारको सिलसिलामा खानेपानी सुरक्षा योजनालागू गरी संचालन—अनुगमनकार्यलाई प्रभावकारी बनाउनु हो । यसका लागि आवश्यक स्रोत र साधन(जनशक्ति, वित्तीय र भौतिक साधन) जुटाउन पर्छ । सेवा प्रदायकको खानेपानी गुणस्तर अनुगमनका सिलसिलामा आवश्यक क्षमता अभिवृद्धि कार्यमा भने स्थानीय /प्रदेश/संघीय सरकारले टेवा पु¥याउन पर्छ ।

तीनै तहका सरकारका स्वास्थ्य संग सम्बन्धित मन्त्रालय तथा निकायहरुले सेवाप्रदायकद्वारा आपूर्ति गरिएको खानेपानीको गुणस्तर निगरानी गर्ने कार्य गर्दछन्, यसै सिलसिलामा खानेपानी सुरक्षा योजनाको अडिट र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डको परिपालना भएन भएको चेक गर्न अनुगमनकार्य पनिहुने गर्छ । स्वास्थ्यसम्बन्धी निकायबाट गरिने यस्ता परिपालन—अनुगमन आकष्मिक रुपमा र पानीजन्य रोगहरु देखा परेको वाप्रकोप भएको अवस्थामा गर्ने गरिन्छ । तर नियमननिकायहरु (स्थानीय, प्रदेश र संघीय सरकार र तिनले तोकेका संस्थाहरुले भने परिपालना—अनुगमन कम्तीमा पनि वर्षको २ पटक गर्ने गर्नु पर्छ ।

६. परिशिष्टहरू

परिशिष्ट १. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२

सि।नं।	वर्ग	परामिति	इकाइ	अधिकतम सघनन सिमा(Maximum Concentration Limit)
१	भौतिक	धमिलोपना (Turbibdity) हाइड्रोजन विभव (pH) रंग Color) स्वाद तथा गन्ध (Taste & Odor) कुल घोलित ठोस पर्दाथ (Total Dissolved Solid) विद्युतीय संवाहकता (Electrical Conductivity)	NTU TCU मि.ग्रा./लिटर माइको सिमेन्स/ सेन्टिमिटर	५(१०) ६.५-८.५* ५(१५) आपत्तिजनक हुनु नहुने १००० १५००
२		क्लोरीन अवशेष (Residual Chlorine) फलाम(Iron) मेंग्निज (Mangenese) आर्सेनिक (Arseninc) क्याडमियम (Cadmium)	मि.ग्रा./लिटर	०.१-०.२ * ०.३ (३) ०.२ ०.००५ ०.००३ ०.०५ ०.०७ ०.५-१.५* ०.०१

	रासायनिक	क्रोमियम (Chromium) सायनाईड (Cyanides) फ्लोरीन (Fluoride) शिशा (Lead) अमोनिया (Ammonia) क्लोराईड (Chloride) सल्फेट (Sulphate) नाईट्रेट (Nitrate तामा (Copper) कूल कडापन (Total Hardness) क्याल्सियम (Calcium) जस्ता (Zinc) पारो (Mercury) आल्मुनियम (Aluminium)	मि.ग्रा./लिटर	१.५ २५० २५० ५० १ ५०० २०० ३ ०.००१ ०.२
३	सूक्ष्म जैविक	ई-कोली (E-Coli) कूल कोलीफर्म (Total Coliform)	MPN/100ml MPN/100ml	० ० (९५% नमुनामा)

नोटः-

"यि मानहरुले न्यूनतम र अधिकतम सीमा जनाउँदछन

() अन्य कुनै विकल्प नभएको अवस्थामा मात्र मान्य हुने मानलाई कोष्ठभित्र राखिएको छ ।

परिशिष्ट २(क) पानी परीक्षण प्रयोगशालामा खानेपानी गुणस्तरको अभिलेख राख्ने नमूना फाराम :-

खानेपानी प्रणालीको नाम :- ....

जिल्ला :- ...., गा.पा/न.पा :- ...., वडा नं. :- ...., टोल :- ....

सि.नं.	मिति	नमूना लिएको स्थान	परिक्षण गरेका पारामिति	इकाई	सि.नं.	मिति	नमूनालिएको स्थान	परिक्षण गरेका पारामिति
१	२०७८।०१।१०	सिमल गैरा बोरिङ्ग	फलाम	मि.ग्रा/लि	०.३(३)	०.८	लुम्विनी प्रादेशिक प्रयोगशाला	मापदण्ड भन्दा बढि
२								
३								
४								

परिशिष्ट २(ख) फिल्ड परीक्षण किटबाट खानेपानी गुणस्तर परीक्षण गरी अभिलेख राख्ने फारामको नमूना :-

खानेपानी प्रणालीको नाम :- ....

जिल्ला :- ....गा.पा/न.पा. :- ....वडा नं. :- ......टोल :- ....

सि.नं.	मिति	नमूना लिएको स्थान	परिक्षण गरिइका पारामितरहरु				कैफियत ५(१०) NTU ६.५-८.५ ८०.१-०.२८मि.ग्रा.रलिटर ० CFUर१०)ml
			धमिलोपन	pH	क्लोरीन अवशेष	ई.कोली	
१							
२							
३							

४							

....

परीक्षण गर्ने **जाँच गर्ने** **प्रमाणित गर्ने**

आज्ञाले,

भक्तिराम मरासिनी

प्रमुख प्रशासकीय अधिकृत